# राष्ट्रिय विकास समस्या समाधान समितिको ३३ औं बैठकबाट भएका निर्णयहरु :

१. भूमि सुधार तथा व्यवस्था मन्त्रालयले गृह मन्त्रालय तथा अन्य निकायको सहयोग लिई जग्गा प्राप्ति ऐनमा संशोधन गर्न ३ महिनाभित्र विधेयक व्यवस्थापिका संसदमा पेश गर्ने ।
२. प्रस्तावित सामुदायिक कृषि प्रसार सेवा केन्द्रमार्फत प्राविधिक जनशक्ति व्यवस्था गरी प्रत्येक नगरपालिका र गाविसमा कृषि तथा पशु सेवा प्रवाह गराउन कृषि विकास मन्त्रालयले ३ महिनाभित्र व्यवस्था मिलाउने ।
३. आ.व. २०७१/७२ लाई निरक्षरता उन्मूलन वर्षका रुपमा मनाउन शिक्षा मन्त्रालयले सरकारी तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी सहयोगको कार्ययोजना एक महिनाभित्र बनाउने र सो कार्ययोजना कार्यान्वयन गराउन राष्ट्रिय योजना आयोगले समन्वय गर्ने ।
४. शिक्षा ऐन संशोधन विधेयक र वन ऐन संशोधन विधेयकसम्बद्ध निकायहरुसँग समन्वय गरी एक महिनाभित्र क्रमशः शिक्षा र वन तथा भू-संरक्षण मन्त्रालयले व्यवस्थापिका संसदमा पेश गर्ने ।
५. राष्ट्रिय योजना आयोगले प्रकाशन गर्ने गरेको जिल्लाहरुमा कार्यान्वयन गरिने वार्षिक विकास कार्यक्रम (भाग-२) आ.ब. २०७२/७३ देखि प्रकाशन नगर्ने । साथै, आयोगले क्षेत्रीय सन्तुलन, मानव विकास सूचकांक, सामाजिक न्याय र लैगिक समता आदिका आधारमा स्थानीय स्तरमा साधनको विनियोजन र प्रयोग गर्ने सम्बन्धमा स्थानीय स्वायत्त शासन ऐनको दफा २४३ लाई समेत आधार मानी २ महिनाभित्र नीतिगत मार्गदर्शन तयार गर्ने ।
६. बजेट छलफलकै समयमा वार्षिक कार्यक्रम स्वीकृत हुने र संसदवाट पेश्कीखर्च ऐन वा विनियोजन ऐन स्वीकृत भएपछि खर्च गर्ने निकायमा स्वतः खर्च गर्ने अख्तियारी प्राप्त भएको मान्ने व्यवस्था गर्ने भन्ने सम्बन्धमा अर्थ मन्त्रालयले राष्ट्रिय योजना आयोग समेतको सुझाव लिई के कस्तो कानुनी व्यवस्था गर्नु पर्ने हुन्छ तुरुन्त प्रक्रिया अघि बढाउने ।
७. विकास कार्यक्रमको वजेट राष्ट्रिय योजना आयोगमा अर्थ मन्त्रालय र सम्बद्ध मन्त्रालयवीच त्रिपक्षीय छलफल भएपछि त्यसैलाई आधार मानी वजेट विनियोजन गर्ने ।
८. बार्षिक कार्यक्रम स्वीकृत भए पछि चौमासिक विभाजन सहितको बार्षिक कार्यक्रम पुनः रा.यो.आ.मा पेश गर्नु नपर्ने तर प्रथम प्राथमिकता प्राप्त कार्यक्रम संशोधन गर्दा आयोगको अनिवार्य स्वीकृति लिनुपर्ने व्यवस्था गर्ने ।
९. विकास आयोजना तर्जुमा, कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्यांकनसम्बन्धी कानुन तर्जुमा गर्न राष्ट्रिय योजना आयोगले आगामी ४ महिनाभित्र विधेयकको मस्यौदा तयार गरी प्रक्रिया अगाडि वढाउने ।
१०. सार्वजनिक खरिद ऐनमा देखिएका कमी कमजोरीले गर्दा आयोजना कार्यान्वयनमा समस्या देखिएको हुँदा उक्त ऐन संशोधन गर्न सम्बन्धित निकायले २ महिनाभित्र मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने ।
११. विकास आयोजनाहरुको कार्यान्वयनमा समन्वयको समस्या रहेको सन्दर्भमा रा.यो.आ.का उपाध्यक्षको अध्यक्षतामा अधिकार सम्पन्न आयोजना कार्यान्वयन समन्वय समिति तत्काल गठन गरी समन्वयको व्यवस्था गर्ने ।
१२. दीर्घकालीन तथा अन्य नीति, रणनीति, कार्ययोजना आदि बनाउँदा विषयगत मन्त्रालय तथा निकायहरुले राष्ट्रिय योजना आयोगको समन्वयमा गर्ने व्यवस्था मिलाउने ।